# "समृद्ध नगर -खुशी नगरबासी"

## पाँचौ नगर सभामा
## नगरप्रमुख पदम बडुवालद्वारा
## आ.व.२०७६/०७७ को
## लागि पेश भएको नीति तथा कार्यक्रम

बडीमालिका नगरपालिका

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

*मिति २०७६/०३/१० पाँचौ नगर सभामा नगरप्रमुख पदम बडुवालबाट पेश गरिएको*

# *आ.व.२०७६/०७७ को नीति तथा कार्यक्रम*

## *"समृद्ध नगर -खुशी नगरबासी"*

**सभाका अध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यू,**

१. विभिन्न राजनैतिक परिवर्तनको उपलव्धी स्वरुप प्राप्त लोकतान्त्रिक गणतन्त्रको सरक्षणार्थ नेपालको संविधान कार्यान्वयनका आधारभूत चरणहरु पुरा गरी स्थायीत्व र आर्थिक समृद्धीको लयमा मुलुक लम्किरहेका बेला जनतालाई मालिक मानी पाँचौं नगरसभामा २ वर्षे सिकाई र भोगाईले थप उर्जा संगाल्दै संघ, प्रदेश र स्थानीय सरकारवीचको समन्वय, सहकार्य र सहअस्थित्वको सिद्धान्त र मर्म अनुसार संघीय सरकार र सुदूरपश्चिम सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम समेतलाई आत्मसाथ गरी यस सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सौभागय पाउँदा गौरव महाशुस गरेका छौ।

२. नेपाली जनतालाई रैतीबाट दुनियाँ, दुनियाबाट स्वतन्त्र नागरिक बनाउने महाअभियान सफल बनाउन मुक्तिका लागि जीवन उत्सर्ग गर्नुहुने महान वीरशहिद प्रती हार्दिक श्रद्वान्जली अर्पण गर्दछौं । राष्ट्रिय स्वाभीमान् र राष्ट्र हीतका विभिन्न मोर्चाहरुको नेतृत्व गर्नुहुने अगुवागण प्रति उच्च आदर प्रकट गर्दै सामाजिक तथा राजनीतिक रुपान्तरणमा पुर्याउनु भएको अतुलनीय योगदानको सम्मान गर्न चाहान्छौं ।

यस अवसरमा म नगरप्रमुखको हैसियतले चालु आ.ब. २०७५।०७६ को हालसम्मको अवधिमा हासिल गरेका उपब्धिहरुलाई संक्षेपमा सभा समक्ष राख्न अनुमति चाहन्छु ।

- चालु आर्थिक वर्षमा नगरपालिकाद्वारा निर्माण शुरु गरिएका १७ वटा सडक योजना मा २४.६९ किलोमिटर ट्र्याक खोल्ने तथा सुधार विस्तारको काम भएको छ।
- ३ वटा वृहत तथा साना सिचाई योजनामा १ हजार २ सय ५३ मिटर सिचाई कुलो निर्माण भएको छ।
- चालु आ.व.मा जम्मा कुल जम्मा दर्ता ६८१ महिला र ७२१ पुरुष गरी १ हजार ४ सय २ जना, मृत्य दर्ता महिला ४० र पुरुष ७२ गरी जम्मा ११२ जना दर्ता भएको, विवाह १४० जोडी, बसाई सरी आएको ६ परिवारको १८ सदस्य, बसाई सरी गएको १० परिवारको २७ सदस्य एवं १ जोडीले सम्वन्धबिच्छेद गरेका छन् ।
- कृषकसँग नगरप्रमुख कार्यक्रम मार्फत ९ वटा साना सिचाई मर्मत, किसानको मुहारमा मुस्कान प्रविधिकरण र आधुनिकीकरणको अभियान अन्तर्गत १२ वटा आधुनिक हाते टयाक्टर वितरण कार्य सम्पन्न भएको छ।

- उपप्रमुखसँग महिला कार्यक्रम मार्फत छाउपडी प्रथा न्यूनीकरण, शीप विकास तालिम लगायतका विभिन्न अभियानहरु संचालित भएका छन् ।
- समय बचत तथा आर्थिक उन्नतीका लागि ३ वटा स्थानमा कुटानी पिसान मिलको स्थापना गरी स्थानीय जनताले सेवा प्राप्त गरिरहेका छन्।
- ९ वटै वडामा महिला तथा बालबालिकाहरुको अवस्थाको विश्लेषण भएको छ भने युनिसेफको सहकार्यमा एकल तथा हिस्सा पिडित महिलालाई बस्तुगत टेवा सहित उद्यमी विकास तालिम प्राप्त गरी आय आर्जनमा संलग्न भएका छन ।
- बालविबाह न्यूनिकरणका लागि ९ वटै वडाहरुमा बालक्लव गठन भएका छन भने वडा नं. ९ लाई छाउपढी गोठमुक्त गर्ने प्रकृयामा रहेका छ।
- ५ वटा शहरी स्वास्थ्य केन्द्रको स्थापना, औजार उपकरण, अति आवश्यकीय औषधी आपूर्ति गरी जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको तथा विशेषज्ञ स्वास्थ्य शिविरबाट १ हजार भन्दा बढी जनताले सेवा लिएका, निःशुल्क आँशा शिविर संचालन गरी ६६५ जनाले सेवा लिएका र जसमा ४८ जनाको आँखाको मोतिबिन्दु अपरेशन भएको थियो।
- ९ वटै वडामा युवा क्लव गठन भएको छन्, नगरस्तरीय युवा संसद अभ्यास समेत पुरा भएको छ। जसबाट युवा नेतृत्व विकासमा सघाउ पुगको पुग्नेछ ।

३. खुसी नगरवासी समृद्ध नगरको अभियान सफल पार्न गत वर्ष असार १० गते तेस्रो नगरसभामा प्रस्तुत नीति कार्यक्रम अनुसार आर्थिक सामाजिक सांस्कृतिक विकासका लक्ष्य हाँसिल गर्ने लक्ष्य उद्देश्य अनुरुप नै नगर सरकार आफ्ना नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा एक कदम अघि बढिरहेको छ । नगरवासीका आधारभुत आवश्यकता परिपूर्तिका लागि अथक प्रयास गरिरहेको छ ।

**अव म आगामी आर्थि बर्ष अवलम्बन गरिने क्षेत्रगत नीति प्रस्तुत गर्न चाहन्छु :**

## आर्थिक विकास तर्फ

### (१) कृषि नीति

१- एक वडा एक उत्पादन परिचय कार्यक्रम अन्तरगत सबै वडामा विशेष उत्पादन पकेट क्षेत्रका रुपमा विकास गर्नेगरी कार्यक्रम लागु गरिनेछ भने एक गाँउ एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२- आधुनिकीकरण र प्रविधिकरणको अभियानलाई निरन्तरता दिई माटो अनुकुल प्रविधिको खोज अनुसन्धान र प्रयोगलाई जोड दिइने छ ।

३- कृषि क्षेत्रमा युवा आकर्षण वृद्धी गर्न कृषकसंग नगर प्रमुख कार्यक्रमलाई थप प्रभावकारी बनाई बैङ्क तथा वित्तीय, संचार सहकारी क्षेत्रलाई कृषिमा लगानी गर्न उत्प्रेरित गरिनेछ ।

४- हल्दी खुर्सानी-हाम्रो लगानी कार्यक्रम अन्तर्गत उत्पादित हल्दी खुर्सानीको प्याकेजिङ्ग र प्रमोटिङ्गका लागि विशेष कार्यक्रम लागु गरिने छ।

५- आनीबानी सुधार (Behaviors Promotion)अन्तर्गत**"हाम्रै नगरको आलु र पीडालु-अर्गानिक खानपानमा नगरवासी सिपालु"** कार्यक्रम तयगरी स्थानीय उत्पादनका परिकार निर्माण सीप अभिवृद्धी कार्यक्रम लागु गरी बढ्दो फास्टफुड र जंक फुडको प्रयोगमा न्यूनीकरण गरिनेछ ।

६- बाँझो जग्गाको पहिचान गरी वडा कार्यालयबाट अध्यावधिक गरी बाँझो नराख्ने नीति लिईनेछ ।

७- कृषि र पशु पालनका क्षेत्रमा नमुनायोग्य काम गर्ने कृषकलाई प्रोत्साहन स्वरुप बडीमालिका कृषि पुरस्कारबाट सम्मानित गरी विशेष सहुलियत प्रदान गर्ने नीति लिईनेछ।

८- कम्तिमा ५ वटा भैसी, ८ वटा गाई पालन गरि रहेका कृषकहरुका लागि निःशुल्क पशु विमा गराई दिने नीति लिइनेछ।

९- डीभिजन वन कार्यालयसग समन्वय गरी नगरपालिकाको उपयुक्त स्थानमा एक बहुउदेश्यीय बगैंचा निर्माण गरी फलफुल तथा अन्य वृक्षारोपणका कार्य गरिनेछ ।

१०- भैसी पालन गर्ने कृषकलाईभैसीको स्याहार सुसार आटोपिडो बापत **सुत्केरी भत्ता** कार्यक्रमलाईनिरन्तरता दिईनेछ ।

## उद्योग तथा बाणिज्य नीति

११- बडीमालिका नगरपालिकालाई लगानीको उचित गन्तव्य बनाउन कर छुट,दर्तामा सहुलियत लगायतका लगानीमैत्री नीति अख्तियार गरिनेछ ।

१२- नगरपालिका क्षेत्रभित्र बनजन्य, कृषिजन्य,पशुजन्य, मासुजन्यर दुग्धजन्य लगायतका स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि लगानीकर्तालाइ विशेष प्याकेज मार्फत आकर्षित गरिनेछ।

१३- आगामी वर्ष २०७६ लाई लगानी वर्षका रुपमा मनाइने छ । लगानीका क्षेत्र पहिचान गरी बडीमालिका नगरपालिकालाई लगानीको उचित गन्तव्य बनाउन व्यवसायमा कर छुट, दर्ता तथा सिफारिसमा सहुलियत, कृषि तथा पशु विकास क्षेत्रमा १ करोड बढी लगानी गर्ने लगानी कर्तालाई २ वर्षसम्म करछुट गर्ने लगायतका लगानीमैत्री नीति लिइनेछ ।

१४- पर्यटन प्रवर्द्धन, वनजन्य, कृषिजन्य, पशुजन्य, मासुजन्यर दुग्धजन्य लगायतका स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाका लागि लगानीकर्तालाइ प्रोत्साहन स्वरुप मानु तम्रो मुठी हाम्रो कार्यक्रम लागु गरी सहुलियत दिइने छ।

१५- परम्परागत सीप संरक्षण गर्न "सम्मान गरे पुर्खाको सीप र मतीको - आधार बन्नेछ आर्थिक समुन्नती"को कार्यक्रम अन्तर्गत आरन सुधार छालाजन्य उत्पादन प्रवर्द्धनका कार्यक्रम लागु गरिनेछ।

१६- शिक्षित वेरोजगारलाई रुची र योग्यता अनुसार स्वरोजगारमुलक कार्यक्रम संचालन गरिनेछ।प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रका रुपमा विकास गरिनेछ।

१७- जडीबुटी खेतीलाई प्रोत्साहित गर्दै जडीबुटी प्रशोधन उद्योगको आधार तयार गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**<u>पर्यटन नीति</u>**

१८- **"समृद्धिका लागि गन्तव्य बडिमालिका"**अभियान सफल पार्न केबलकार सहित सम्भाव्य पूर्वाधार निर्माणको लागि संघ तथा प्रदेश एवं नीजि क्षेत्रसँग सहकार्य, साझेदारी गरिनेछ ।

१९- सम्भाव्य देखिएका नगरभित्रका धार्मिक एवं पर्यटकीय स्थल एवं सँस्कृतिको अभिलेखिकरण, पूर्वाधार निर्माण, संरक्षण र प्रचार प्रशार गरिनेछ। ।

२०- खप्तड-मार्तडी-रारा पर्यटकिय मार्गमा पर्यटकिय होटल स्थापना गर्नेलाई विशेष सहुलियत दिने नीति लिईनेछ ।

**<u>सहकारी नीति</u>**

२१- सहकारीलाई उत्पादनमूलक बनाइ सहकारीको माध्यमबाट तरुण स्वरोजगार कार्यक्रमको माध्यमबाट आर्थिक विकासको प्रमुख साझेदारका रुपमा विकसित गर्ने नीति लिईनेछ।

२२- सहकारीहरुको विकास, विस्तार र नियमन सहकारीबाट पूँजी निर्माण गरी रोजगारी सृजना गर्न सक्ने नीति लिईनेछ।

२३- संख्यात्मक बढोत्तरी भन्दा पनि गुणात्मक बनाउन उद्देश्य र क्षेत्र मिल्ने सहकारी एकिकरण गरिनेछ।

**<u>वित्तीय नीति</u>**

२४- बैक तथा वित्तीय क्षेत्रमा नगरवासीको पहुँच वृद्धि गर्न “हरेक नगरवासीका बैङ्कमा खाता: समृद्ध नगर निर्माणमा हाम्रो सहभागिता” कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२५- बैङ्क तथा वित्तीय संस्थालाई उत्पादन बर्षको रुपमा लिई कृषि र उत्पादन क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

२६- वित्तीय साक्षरता कार्यक्रम मार्फत ग्रामीण क्षेत्रमा वित्तीय अनुशिक्षण गरिनेछ।

**<u>सामाजिक विकासतर्फ</u>**

**शिक्षा नीति :**

२७- नगर क्षेत्रमा रहेका विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री सहितदक्षशक्ति - पूर्वाधारयुक्त विद्यालय: व्यवहारिक सीप विकास र शिक्षा गुणस्तरिय वनाईनेछ

२८- सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न नगर स्वयमंसेवक शिक्षकलाई निरन्तरता दिने नीति लिइनेछ।

२९- सबै विद्यालयहरुमा स्वच्छ र सफा खानेपानी एवं सरसफाईमा तारे प्रणाली लागु गरी प्रोत्साहन गर्ने नीति लिईनेछ।

३०- शैक्षिक सुधारमा म सक्षम छु कार्यक्रमलाई निरन्तरता दिइ विद्यार्थी-शिक्षक-अभिभावको ज्ञान सिप र धारणाको विकास गरिनेछ।

३१- "सवैका लागि शिक्षा सधैका लागि शिक्षा" भन्ने नारालाई मूर्तरुप दिन बिभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गरिनेछ ।

३२- "आफु जहाँ आफ्ना तहाँ" कार्यक्रमको निरन्तरता स्वरुप सरकारीमा पढाउने जनप्रतिनिधी र कर्मचारी शिक्षकका छोराछोरीलाई नगरको चेल्त्यार (कोषेली)कारुपमा प्रोत्साहन गरिनेछ ।

३३- छोरालाई नीजि र छोरीलाई सामुदायिक विद्यालय पढाउने प्रचलन कायमै देखिएकोले यस्तो शैक्षिक विभेद अन्त्य गर्न शिक्षामा समानता-सामाजिक रुपान्तरणमा सहजता कार्यक्रम लागु गरिनेछ ।

३४- संघीय सरकारले वि.सं. २०७६ देखि २०८५ सम्मलाई सार्वजनिक विद्यालय सवलीकरण दशकका रुपमा कार्यान्वयन गर्ने नीति अनुसार नगर क्षेत्रका सबै विद्यालयको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम सचालन गरिनेछन् ।

३५- संस्थागत विद्यालयहरुले लगाउदै आएको शुल्क र शैक्षिक गुणस्तर तथा विद्यालय वातावरणलाई नियमन गरिनेछ ।

३६- बडीमालिका एकिकृत प्रारम्भिक बाल विकास योजनालाई नगरपालिको पञ्चवर्षिय योजनाको अभिन्न पाटोको रुपमा लिई कार्यान्वयन गरिने नीति लिईनेछ।

३७- नगरपालिकामा आवासीय विद्यालय स्थापना गरी नगर क्षेत्रका असहाय बालबालिकालाई सहारा प्रदान गरी उचित शिक्षा प्रदान गरिनेछ ।

३८- नेपाल सरकारले लिएको चिनौं आफ्नो माटो बनाऔं आफ्नो देश अभियान अन्तरगत प्राविधिक शिक्षालयबाट उत्तीर्ण प्राविधिक विद्यार्थीलाई इन्टर्नसीपको व्यवस्था गरिनेछ।

३९- विद्यालय कर्मचारी, वालविकास शिक्षक, विद्यालय सहयोगी कर्मचारीलाई प्रोत्साहन गरिनेछ।

४०- बालबालिकाको पोषण स्थितिमा सुधार सहित शिक्षण सिकाईमा वृद्धिका लागि आधा आधा हाम्रो आधा तम्रोको साझेदारी कार्यक्रम संचालन गरिनेछ।

**<u>स्वास्थ्य नीति</u>**

४१- "घरघरमा अर्गानिक तरकारी - रोग व्याधी डाँडापारी” नारा अनुसार अर्गानिक खानपानलाई जोड दिई बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी लागु गरि नगरलाई पोषणयुक्त बडीमालिका नगरपालिका बनाईनेछ।

४२- महिला स्वयंसेविका लागि कार्य सम्पादनका आधारित प्रोत्साहन स्वरुप अध्ययन भ्रमण, सम्मान वा थप उत्प्रेरणा प्रदान गरिने छ ।

४३- बडीमालिका उपचार सहायता कोषको प्रभावकारी कार्यान्वयन गर्न कोषमा बृद्धी गरिनेछ।

४४- जिल्ला अस्पतालमा ब्लड बैङ्क स्थापनका लागि विशेष पहल गरिनेछ ।

४५- स्वस्थ आमा र स्वस्थ शिशुका लागि गर्भवती आमा सुरक्षा कार्यक्रमलाई अझ प्रभावकारी बनाइदै गर्भवती आमालाई उप प्रमुखको सुत्क्यारो भाडों कार्यक्रम लागु गरिने छ ।

४६- स्वास्थ्य विमा कार्यक्रमलाई संस्थागत गर्दै सबै नगरवासीको स्वास्थ्य वीमा गराउने नीति लिइनेछ ।

४७- स्वास्थ्य चौकीमा खोप सुरक्षाका लागि चिस्यान केन्द्रको व्यवस्था मिलाईनेछ ।

४८- प्रत्येक विद्यालयमा आयुर्वेद तथा योग शिक्षालाई विस्तार गरिनेछ।

## खानेपानी तथा सरसफाई नीति

४९- सबै वडामा रहेका टोल विकास संस्थालाई संस्थागत गरी योजना प्रकृया लगायत सरसफाई स्वच्छता उन्मुख नगरपालिका बनाउन परिचालन गरिनेछ ।

५०- प्लास्टिकको विकल्पका रुपमा कागज तथा अन्य वैकल्पीक झोलाको उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

५१- औषधी तथा मदीराजन्य शिसा व्यवस्थापनका लागि उद्योग वाणिज्य संघ, मार्तडी बजार व्यवस्थापन समिति र नीजि क्षेत्रसँग सहकार्य गरी शिसाजन्य फोहरको व्यवस्थापन गरिनेछ ।

५२- परम्परागत धारा, कुँवा, नाउलाहरुको संरक्षण गर्दै मुलदेखि मुखसम्म स्वच्छ सफा पानी अभियान संचालन गरिनेछ ।

५३- क्लिन र ग्रिन बडीमालिकाको जग खडा गरी फोहरको उचित व्यवस्थापन गरिनेछ ।

५४- पूर्ण सरसफाईका लागि खानेपानी तथा सरसफाई कोषको स्थापना गरिनेछ।

## सँस्कृति प्रवर्द्धन नीति

५५- मौलिकता हाम्रो शान - संस्कृती परम्परा हाम्रा पहिचान अभियान अन्तरगत संस्कृती पहिचान, प्रवर्द्धन र विकास संरक्षणको नीति लिइनेछ ।

५६- लोक साँस्कृति, भाषा, भेषभुषा, चालचलन आदिको भिडियो डकुमेन्ट्री आदि माध्यमबाट संरक्षित गर्ने नीति लिईनेछ।

५७- हाम्रा बुद्ध-चित्त शुद्ध कार्यक्रमलाई अझ प्रभावकारी बनाईने छ।

## खेलकुद तथा मनोरञ्जन नीति

५८- बडीमालिका वहुउद्देश्यीय कभर्ड हल निर्माण लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ।

५९- नगर र विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरुलाई नियमित रुपमा संचालनको व्यवस्था मिलाईनेछ।

६०- स्वस्थ र निरोगीका लागि खेलकुद अभियानलाई संचालन गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति

६१- आर्थिक सामाजिक विकासलाई प्राथमिकता दिई महिलासंग उप-प्रमुख कार्यक्रमलाई निरन्तरता दिइने छ।

६२- विपन्न महिला तथा एकल महिलाका लागि व्यवसायिक तथा स्वरोजगारमूलक कार्यक्रम लागु गरिनेछ ।

६३- अपाङ्गता भएका व्यक्तीहरु लक्षित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

६४- मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण व्यवस्थित गरिनेछ।

६५- महिला समुहको संस्थागत विकास गरिनेछ भने महिलाहरुको कामको बोझ घटाउने खालका कार्यक्रम लागु गरिनेछ।

६६- दलित, जनजाति, युवा सहित लक्षित समुहको क्षमता विकास एवं स्वरोजगारको नीति लिईनेछ।

६७- बाल संरक्षण सहित बाल अधिकारको प्रत्याभूत गर्ने नीति लिईनेछ।

६८- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई वडा तथा नगरपालिकाबाट गरिने सिफारिस निःशुल्क गर्ने नीति लिईनेछ।

## पूर्वाधार विकास तर्फ

### स्थानीय सडक तथा झोलुङ्गे पुल

६९- बाह्रै महिना सडक तथा गोरेटो सुचारु गर्नाका लागि वडा मै मर्मत सम्भार कोषको व्यवस्था गरिने छ। सबै सडकहरुमा मर्मत सम्भारकर्ताको व्यवस्थाका लागि पहल समन्वय गरिने छ ।

७०- यातायातको सहज पहुँचका लागि आवश्यकता र सम्भात्यताका आधारमा सडकपुलको निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग समन्वय गरिनेछ ।

७१- नगर स्तरमा योजनाको दिगो संचालनको लागि मर्मत सम्भार कोषको खडा गरी संचालन गरिनेछ।

७२- संचालनमा रहेका झोलुङ्गेपुलहरुको संरक्षण गर्ने तथा आवश्यकता र सम्भाव्यताका आधारमा नयाँ झोलुङ्गे पुल निर्माण गरिनेछन छ भने पुल मर्मत सम्भारकर्ताका लागि आवश्यक औजार उपकरणको उचित व्यवस्था गरिनेछ ।

७३- नगर एवं राष्ट्रकै गौरवका आयोजनाका रुपमा हाल निर्माणाधिन आयोजनाहरुलाई निरन्तरता दिई डिपीआर बमोजिम संघ एवं प्रदेश सम्पुर एवं विशेष अनुदानको लागि सिफारिस गरिनेछ ।

७४- मार्तडी बसपार्क लगायत मालवाहक ट्रक पार्कीङ्गका लागि छुट्टै पार्किङ्ग स्थलको व्यवस्था गरिने छ ।

## सिचाई नीति

७५- नेपाल सरकारको बारीका पाटा र खेतका गरा हराभरा अभियान साकार पार्न नमूना सिचाई कुलो निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७६- सिचाईको लागि कुलो नहरको विकल्प नभएको स्थानहरुमा बैकल्पिक सिचाईको व्यवस्था गरिनेछ।

## भवन तथा सहरी विकास नीति

७७- सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रीय भवन संहिता तथा मापदण्डको पालना गरिनेछ ।

७८- मार्तडी बजार क्षेत्रलाई व्यवस्थित शहरका रुपमा विकास गर्नका लागि भवन अभिलेखीकरण र नयाँ घर निर्माणको लागि नक्सा पासलाई अनिवार्य गरिनेछ ।

७९- अस्थायी टहराहरु निर्माणको लागि समेत अनुमति अनिबार्य गरी सम्वन्धित वडाबाटै अनुमति दिने ब्यवस्था गरिनेछ।

## उर्जा, लघु जलविद्युत तथा साना जलविद्युत (बैकल्पिक उर्जा) नीति

८०- वैकल्पिक उर्जालाई बहुक्षेत्रमा उपयोग गरी नविकरणीय उर्जा प्रविधि जडान र प्रयोग सहित नविकरणीय  पञ्चबर्षिय उर्जा योजनाको कार्यान्वयन गरिनेछ।

## संचार नीति

८१- सञ्चारमा हरेक नगरवासीको पहुँचका लागि संचार सुविधाबाट बन्चित क्षेत्रमा सहज संचार सुविधापुऱ्याउन पहल गरिनेछ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन तथा भू-संरक्षण

८२- सफा, स्वच्छ हरित बडीमालिकाबनाउने नीतिलाई कार्यान्वयन गर्न क्षेत्रगत कानुन मापदण्ड निर्धारणगरी कार्यान्वयन गरिनेछ।

८३- सहरी क्षेत्रमा न्यूनतम् एक संस्था ४ विरुवा, एक घर २ विरुवा हुर्काउनेनीति अवलम्वन गरिनेछ।

८४- डिभिजन वन कार्यालयको सहकार्य र समन्वय साझेदारीमा हाइटेक नर्सरी स्थापना गरी सम्भावित वडाहरुमा बगैंचा संचालन गरी वृक्षारोपण गरिनेछ ।

८५- वातावरणीय दृष्टिले अध्ययन विश्लेषण गर्नु पर्ने देखिएका योजनाहरुको हकमा विनियोजन गरिएको सम्वन्धित योजनाको बजेटबाट नै IEE र बायोईन्जिनियरीङ गरिने नीति लिईनेछ

८६- सामुदायिक वन र कवुलियति वनलाई ब्यबस्थित गर्न डिभिजन वन कार्यालयसँग समन्वय गरिनेछ।

### जलाधार संरक्षण

८७- भू-संरक्षण, डिभिजन वन कार्यालय लगातयतका सरकारी तथा गैरसरकारी संघ संस्थासँग सहकार्य गरी जलाधार क्षेत्र संरक्षण कार्यक्रम संभाब्यता अध्ययनका लागि आवश्यक नीति तर्जुमा गरि सोही बमोजिममा कार्यक्रम संचालन गरिनेछ ।

८८- नदी कटान तथा पहिरोको उच्च जोखिम प्रभावित क्षेत्रमा तटबन्धनका लागि प्रदेश तथा संघीय सरकारसँग पहल गरिनेछ ।

### वातावरण संरक्षण

८९- जलवायू परिवर्तन अनुकुलनका कार्यक्रम संचालन गरीवन तथा वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

९०- “हरियो वन बडीमालिकाको धन”लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

### फोहरमैला तथा ढल व्यवस्थापन

९१- नगरक्षेत्रमा व्यवस्थित ढल निर्माण गरी व्यवस्थापन गरिनेछ ।

९२- फोहरमैलाको व्यवस्थित रुपमा बर्गीकरण गरी उचित विसर्जनका लागि व्यवस्था मिलाईनेछ ।

९३- सफाई स्वयंसेवकको व्यवस्था गरी सफा बडीमालिका नगर निर्माण गरिनेछ ।

### जलउत्पन्न प्रकोप नियन्त्रण

९४- बाढी र पहिरोबाट हुने धनजनको क्षतिलाई न्यूनिकरणका कार्यहरु संचालन गरिने छ।

**विपद व्यवस्थापन**

९५- नगर स्तरिय जोखिम नक्साङ्कनबाट पहिचान भएका क्षेत्रहरुमा बाढी तथा पहिरोजन्य प्रकोप न्यूनीकरणका लागि विपद् व्यवस्थापनमैत्री नीति कार्यक्रम तय गरिनेछ ।

९६- नगर क्षेत्रभित्र हुने बाढी, पहिरो, आगलागी, भूकम्प, असिना, सुक्खा खडेरी जस्ता प्राकृतिक विपद् र अन्य कृतिम विपद्बाट उद्धार गरी तुरुन्त राहत प्रदान गर्न वडा तथा नगरपालिका, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी, नेपाली सेना, यूनिसेफ तथा गैर सरकारी संस्थासंग समन्वय गरिनेछ।

९७- हरेक वडामा विपद् जोखिम व्यवस्थापनका लागि पूर्व तयारी प्रतिकार्यका लागि उद्दार दल गठन गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ**

**सामान्य सेवा**

९८- सेवा प्रबाहलाई प्रभावकारी बनाउन नगर क्षमता विकास योजना तर्जुमा गरी सोही बमोजिम कार्य गरिनेछ।

९९- जनताको शासन जनमैत्री प्रशासन कार्यक्रम अन्तरगत सेवाग्राहीप्रति उत्तरदायी सेवा प्रवाहको वातावरण तयार गरिनेछ।

१००-नगरपालिकाका शाखा, उपशाखा प्रमुखहरुसँग कार्ययोजना तर्जुमा गर्न लगाई कार्यसम्पादन करारको थालनी गरिनेछ।

१०१-सुशासनका ४ पाटाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१०२-न्यायीक समितिको संस्थागत विकास गरी नागरिकलाई न्यायमा सहज पहुँच पुर्याइने छ ।

१०३-प्रत्येक वडामा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ।

१०४-बडीमालिका युवा सूचना केन्द्रलाई थप व्यवस्थित गरी नमुना संसद स्थापना अभ्यासलाई निरन्तरता दिईनेछ।

**सुरक्षा व्यवस्थापन**

१०५-ज्यानको सुरक्षा धनको रक्षा अभियान मार्फत मदिराजन्य पदार्थ प्रयोग न्यूनिकरणका अभियान संचालन गरिनेछ।

१०६-नगर सरसफाईको कार्यान्वयन,नगर स्तरीय शान्ती सुरक्षा र नगरपालिकाका निर्णय कार्यान्वयन प्रयोजनार्थ नगर प्रहरीको व्यवस्था गरिनेछ ।

१०७-पोरखे लेक, साविक बुढीगंगा गाविस, साविक जुगाडा गाविसको उपयुक्त स्थानमा सुरक्षा पोष्ट राखि सुरक्षा व्यवस्थापन गर्न प्रदेश सरकार र संघीय सरकार लगायतका निकायसँग आवश्यक पहल गरिनेछ ।

**आम सञ्चार/सूचना प्रविधि नीति**

१०८-स्थानीय संचार माध्यमहरुको प्रवद्धन गर्न सहयोग गर्ने नीति लिईनेछ। ।

१०९-नेपाल पत्रकार महासंघको क्षमता विकास र संस्थागत विकासको लागि सहयोग गर्ने नीति अवलम्वन गरिनेछ।

११०-स्थानीय स्तरका संचारकर्मीलाई नगरपालिकाको वृद्धि र विकासमा राम्रो भूमिका खेल्नेलाई सम्मान गरिनेछ।

१११-इ-बडीमालिका अभियान अन्तरगत बडिमालिका नगर क्षेत्रभित्रका सबै वडा कार्यालय स्वास्थ्य संस्था र विद्यालयमा इन्टरनेट सेवा विस्तार र सुनिश्चित गरिनेछ ।

११२-बडीमालिका पत्रकारिता अक्षय कोषको वृद्धि गरिनेछ ।

११३-सूचनाको हक बमोजिम पाउनु पर्ने सूचनाको सहज पहुँचको व्यवस्था मिलाईनेछ।

११४-नगरवासीसंग-नगर सरकार कार्यक्रम अन्तरगत हरेक महिनाको एक दिन बडीमालिका गतिविधी रेडियो कार्यक्रम संचालन गरिनेछ।

११५-युवा सूचना केन्द्रलाई थप सुविधा सम्पन्न बनाइ हरेक वडामा रहेका सामुदायिक अध्ययन केन्द्रलाई व्यवस्थित बनाइनेछ।

११६-नगरपालिकाका लागि आवश्यक पर्ने मेशिनरी, औजार, फर्निचर र सवारी साधान व्यवस्थापन गरिनेछ ।

**पञ्जिकरण व्यवस्थापन**

११७-पञ्जिकरणका कामहरुलाई विद्युतीय माध्यमद्वारा व्यवस्थापन गर्ने नीति लिईनेछ।

११८-सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गरी वितरण र अभिलेखिकरणलाई चुस्त र दुरुस्त बनाइनेछ ।

**स्थानीय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन**

११९-आवधिक नगर विकास योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ

१२०-नगरपालिकाद्वारा तर्जुमा गरिएका क्षेत्रगत योजना (जोखिम नक्साङ्कन, स्वास्थ्यको बोटनलेक, उर्जा, बालविकास) लाई समयानुसार अध्यावधिक गरिनेछ।

१२१-वडा प्रोफाईलको अध्यावधिक गर्दै तथ्याङ्कमा आधारित योजना तर्जुमा गर्ने पद्दतिलाई निरन्तरता दिई नगर प्रोफाईलमा युवाको प्रोफाईल समेत समाबेश गरी अद्यावधिक गरिनेछ।

१२२-दर्ता चलानी सहित सवै कार्य सफ्टवयरबाट संचालन गर्ने नीति लिईनेछ।

**सुशासन र प्रवर्द्धन**

१२३-कार्यविवरण अनिवार्य गरी सोही आधारमा कार्य सम्पादन मूल्याङ्कन गरिनेछ ।

१२४-उत्कृष्ट काम गर्ने नगरपालिकाका कर्मचारी, करदाता, शिक्षक, उपभोक्ता समिति,जनप्रतिनधी, संचारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्धतीको विकास गरी यसलाई निरन्तरता दिईनेछ।

१२५-सरकारी एवं गैरसरकारी क्षेत्रबाट नगरक्षेत्रमा संचालन गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी नतिजामुखी अनुगमन मूल्याङ्कन प्रणाली विकास गरिनेछ ।

१२६-नगरक्षेत्रमा कार्यक्षेत्र बनाई कार्यरत सवै गैरसरकारी संस्थाहरुलाई नगरपालिकाको पूर्व सहमति र समन्वयमा कार्य गर्ने वातावरण निर्माण गरिनेछ। वडा तहमा कार्यक्रम जाँदा सम्वन्धित वडासँगको समन्वयलाई दरिलो बनाईनेछ।

१२७-राष्ट्रीय तथा अन्तराष्ट्रीय गैर सरकारी संस्थाहरुलाई कार्य गर्दा नगरपालिकासँग साझेदारी गरेर मात्रै कार्य गर्ने नीति अख्तियारी गरिनेछ ।

**अनुसन्धान र विकास**

१२८-नगरको उन्नती र विकासका लागि विभिन्न खोजमुलक अध्ययन अवलोकन तथा परामर्श गरिनेछ।

**राजश्व परिचालन नीति**

१२९-आन्तरीक आयमा बृद्धि गर्न करका दर भन्दा दायरा फराकिलो बनाई सर्वसुलभ बनाउने र करदातामैत्री वातावरण तयार गरिनेछ।

१३०-राजश्व उपशाखाको स्थापना गरी विद्युतीय प्रणालीको विकास गरिनेछ ।

माथी उल्लेखित नगरपालिका नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न संघीय सरररकारबाट प्राप्त हुने वित्ती समानीकरण, शर्सत र राजश्व बाँडफाँड, सुदूरपश्चिम प्रदेश सरकारको वित्तीय समानीकरण, राजश्व बाँडफाँड र सर्शत अनुदान सहित सम्पुरक एवं विशेष अनुदान, नगर सरकारको आन्तरीक स्रोत र संयुक्त राष्ट्र संघीय निकाय, दातृ निकाय र गैरसरकारी संस्थाको सहयोगको अपक्षा सहित सवैमा हार्दिक आभार सहित नीति तथा कार्यक्रम कार्यान्वयनमा सवैको सहकार्य हुने अपेक्षा गरेको छु । नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने सबै वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायतका सबै कर्मचारीहरु, संघसंस्था, सञ्चारकर्मी, नगरबासी सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

जय बडीमालिका !

पदम बडुवाल

नगरप्रमुख